# मनाङ जिल्ला अदालत

चामे, मनाङ

☎ ०६६-४४०१९६
फ्याक्सः ०६६-४४०१९५

प.सं. २०८०/८१
च.नं.

मितिः-२०८०।०४।०१

## सूचना! सूचना !! सूचना!!!

यस अदालतमा दर्ता हुन आउने बालबालिकाले गरेको कसूरजन्य कार्यको कारबाही सुनुवाई किनारा गर्न बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ३० को उपदफा (३) र (४) को प्रयोजनका लागि समाजसेवी तथा बाल मनोविज्ञ वा बाल विशेषज्ञ नियुक्त गर्नुपर्ने हुँदा बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६२ को उपदफा (१) बमोजीम सूचीकृत भएका देहायका योग्यता पुगेका उम्मेदवारहरुवाट बाल न्याय सम्पादन (कार्यविधी) नियमावली, २०७६ को परिच्छेद -३ को नियम -१३ र १४ बमोजिम ३० दिनभित्र यस अदालतको प्रशासन शाखामा दरखास्त दिनुहुन सूचित गरिन्छ।

समाजसेवीको योग्यताः-

क) मान्यता प्राप्त विश्वविद्यालयबाट सामाजिक कार्य, बालविकास वा बाल अधिकारको विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नाताक तह वा सो सरहको उपाधि प्राप्त गरी बाल अधिकार वा समाजसेवाका सम्बन्धमा कम्तिमा एक महिनाको तालिम प्राप्त गरेको,

ख) फौजदारी कसूरमा अदालतबाट सजाय नपाएको ।

बाल मनोविज्ञ वा बाल विशेषज्ञको योग्यता :-

(क) मान्यता प्राप्त विश्विवद्यालयबाट मनोविज्ञान विषय लिई कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरेको वा मान्यता प्राप्त विश्वविद्यालयबाट कुनै विषयमा कम्तिमा स्नातक तह वा सो सरहको उपाधी प्राप्त गरी बाल अधिकार वा मनोविज्ञानका सम्बन्धमा कम्तिमा दुई महिनाको तालिम प्राप्त गरेको,

(ख) फौजदारी कसूरमा अदातबाट सजाय नपाएको ।

निवेदन साथ पेश हुनु पर्ने कागजातः

१. शैक्षिक योग्यता
२. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी ।

सम्पर्कः- जिल्ला अदालत प्रशासन शाखा, फोन नं. ०६६-४४०१९५, ०६६-४४०१९६

द्रष्टव्यः-उक्त म्याद भित्र दरखास्त नपरे वा दरखास्त रितपुर्वकको नभएमा सो दरखास्त उपर कुनै कारबाही हुने छैन।

तारादत्त वडु
स्रेस्तेदार/उपसचिव